**Sudurpaschim Spectrum**
A Multidisciplinary, Peer Reviewed Journal
ISSN: 3021-9701 (Print)
Published by Faculty of Humanities and Social Sciences,
Far Western University, Mahendranagar, Nepal

# सहिद कथाको परिवेशविधान

**पार्वती पन्त**
दर्शनाचार्य तह अध्ययनरत, सुदूरपश्चिम विश्वविद्यालय, नेपाल
parwatipant045@gmail.com

## लेखसार

प्रस्तुत लेखमा कथाकार गुरुप्रसाद मैनाली प्रणीत 'सहिद' कथाको परिवेशको अध्ययन गरिएको छ। सामाजिक, आर्थिक तथा राजनीतिक समस्यालाई मुख्य विषयवस्तु बनाएर लेखिएको यस कथामा स्थानगत, समयगत र वातावरणगत परिवेशको खोजी गर्ने प्रयोजनमा यो लेख केन्द्रित छ। यसका लागि कथाका मुख्य तत्त्वहरूमध्ये परिवेशलाई सैद्धान्तिक अवधारणाका रूपमा उपयोग गरिएको छ। प्रस्तुत अध्ययनलाई गुणात्मक अनुसन्धान ढाँचा र विश्लेषणात्मक विधि अवलम्बन गरी निष्कर्षमा पुऱ्याइएको छ। यस अध्ययनमा कथाकारले कथामा प्रस्तुत गरिएका घटना र पात्रले कार्यव्यापार गरेका ठाउँ, समय र वातावरणसम्बद्ध भएर आएका उद्धरणका आधारमा कथाको परिवेशविधानलाई विश्लेषण गरी निष्कर्षमा पुगिएको छ। प्रस्तुत कथामा स्थानिक परिवेशका रूपमा नेपालभन्दा बाहिरको सहरिया परिवेशको चित्रण भएको छ। प्रमुख कार्य स्थलका रूपमा छिमेकी राज्य भारतको शिक्षा, स्वास्थ र यातायातको सुविधा भएको सहरलाई प्रस्तुत गरेको छ भने गौण कार्य स्थलका रूपमा गायरखपुरको रेल स्टेसन, सरकारी सेना र मुक्ति सेनाका बिच युद्ध भएको कोसी किनारको स्थान रहेका छन्। सूच्य परिवेशका रूपमा नेपाली ग्रामीण क्षेत्र पनि आएको छ। ऐतिहासिक समयसम्बद्ध घटनालाई कथामा प्रस्तुत गरेका कथाकारले कथाकालका रूपमा साढे चार महिनाको अवधिलाई कथ्यमा समेटेका छन्। बाह्यवातावरणगत परिवेशका रूपमा राणकालीन सत्ता र सत्ताको आडमा समाजका अन्तर्तहसम्म विस्तार भएको सामाजिक विभेद, अशिक्षा, राजनीतिक निरङ्कुशता तथा आन्तरिक वातावरणका रूपमा सामान्य र विशिष्ट चित्तवृत्तिपरक वातावरणका माध्यमबाट कथाको संरचनालाई पूर्णता प्रदान गरेका छन्।

***मुख्य शब्दावली :*** कथाकाल, वस्तुजगत, घटनाप्रधान, पाठकीय प्रभाव, चित्तवृत्ति

Copyright 2023 ©Author(s) *This open access article is distributed under a **Creative Commons Attribution-Non Commercial 4.0 International (CC BY-NC 4.0) License.***

## परिचय

कथाकार गुरुप्रसाद मैनाली (१९५७-२०२८) आधुनिक नेपाली कथाका प्रारम्भकर्ता हुन्। वि.सं.१९९२ सालमा शारदा पत्रिकामा प्रकाशित 'नासो' कथाबाट कथाकार मैनालीको औपचारिक साहित्ययात्रा आरम्भ हुन्छ र त्यसैबाट नेपाली कथामा आधुनिकताको प्रारम्भ पनि हुन्छ। पछि वि.सं. २०२० सालमा 'नासो'सहित अन्य ११ कथाहरू सङ्गृहीत गरी 'नासो' कथा सङ्ग्रह प्रकाशमा आएको छ। सङ्ख्यात्मकताका अपेक्षा गुणस्तरीयताका दृष्टिले उच्चस्तरीय कथाका स्रष्टा मैनालीका कथा संरचना र रूपविन्यास दुबै दृष्टिले प्रखर रहेका छन्। सामाजिक यथार्थको चित्रण गर्दै आदर्शवादी अभिव्यञ्जनालाई स्थापित गर्ने मैनालीले २००७ सालको. परिवर्तनपूर्व र पछाडिको सङ्क्रमणकालीन सामाजिक अवस्थालाई कथामार्फत् कलात्मक रूपमा प्रस्तुत गरेका छन्। 'सहिद' कथा कथाकार गुरुप्रसाद मैनालीको 'नासो' कथा सङ्ग्रह (२०२०)मा सङ्गृहीते छ। मैनाली आदर्शोन्मुख यथार्थवादी कथाकारका रूपमा स्थापित छन्। सामाजिक जीवनमा घटेका घटनाहरूलाई विषयवस्तुको रूपमा ग्रहण गरी सामाजिक मूल्यमान्यतालाई आख्यानीकरण गर्ने मैनाली मूलतः घटनाप्रधान कथा लेख्ने कथाकार हुन्। 'सहिद' कथामा नेपाली समाजमा रहेको आर्थिक असमानता र विभेदका कारण साहूको चर्को ब्याज तिर्न नसकी बन्धकीमा रहेको खेत उकास्न, आर्थिक उपार्जनको जोहो गर्न तथा परिवारका आधारभूत आवश्यकता पूर्ति गर्न प्रवासिनु पर्ने नेपालीहरूको बाध्यात्मक सामाजिक/आर्थिक परिवेश तथा राणाहरूको एकतन्त्रीय जहाँनिया शासनविरुद्ध फैलिँदै गएको वितृष्णा र प्रजातन्त्र प्राप्तिको जनचाहनालाई विषयवस्तुका रूपमा चयन गरिएको छ। भारतीय सहरदेखि नेपालको तराई क्षेत्रसम्म विस्तारित रहेको परिवेशमा कथाका घटना घटित भएका छन्। कथाकारले प्रस्तुत गरेका घटनाको इतिवृत्त र सहभागीका क्रियाकलाप परिवेशमा घटित हुने हुनाले कथावस्तु र पात्रको सोझो सम्बन्ध परिवेशसँग जोडिएको हुन्छ। विशेषतः आख्यान संरचनामा घटना सृजना हुने र पात्रले क्रियाकलाप गर्ने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ। कथामा चरित्रले कार्यव्यापार गर्ने र घटनाहरू घटित हुने वस्तुजगत् लाई परिवेश भनिन्छ (शर्मा, २०६३, पृ.३९६)। स्थान, समय र वातावरणको समष्टि नै परिवेश हो। विश्लेष्य 'सहिद' कथामा सूच्य रूपमा प्रस्तुत गरिएको नेपालको पहाडी ग्रामीण परिवेशदेखि भारतीय सहरी परिवेश हुँदै राणाका सेनासँग क्रान्तिकारीहरूको युद्ध भई घाइते अवस्थामा वीरबहादुरको उपचार भएको अस्पतालसम्मका ठाउँहरू स्थानगत परिवेशका रूपमा आएका छन् भने ती स्थानमा अन्तर्गर्भित भई विभिन्न सूक्ष्म स्थानहरू पनि परिवेशका रूपमा आएका छन्। कालगत परिवेशका रूपमा २००७ सालपूर्वको सशस्त्रद्वन्द्वको समय आएको छ। कथामा वातावरणगत परिवेशका रूपमा सामाजिक शोषण, नेपालीहरूले प्रवासिनु पर्ने कारण, प्रवासमा नेपालीहरूले भोग्नु परेका पीडा, गर्नु परेको सङ्घर्ष, क्रान्ति र परिवर्तनप्रतिको चाहना र सशस्त्र युद्धका घटनालाई अन्तर्साक्ष्यका रूपमा लिई कथाको प्रमुख तत्त्वका रूपमा रहेको परिवेशविधानका आधारमा कथा अध्ययनीय रहेको छ।

प्रस्तुत अध्ययन गुरुप्रसाद मैनालीको 'सहिद' कथाको परिवेश विधानको अध्ययनमा केन्द्रित रहेको छ। उपर्युक्त मूल समस्यामा केन्द्रित रही आउने निम्नानुसारका शोध्यप्रश्नमा आधारित रही अध्ययनलाई पूर्णता प्रदान गरिएको छ।

क. सहिद कथामा स्थानगत परिवेशलाई कसरी प्रस्तुत गरिएको छ ?

ख. कथामा कालगत र वातावरणगत परिवेशलाई कसरी प्रस्तुत गरिएको छ ?

प्रस्तुत अध्ययनमा 'सहिद' कथाको परिवेश विधान मूल समस्यासँग सम्बन्धित उपर्युक्त शोध्यप्रश्नसम्बद्ध समय, स्थान र वातावरणगत परिवेशलाई निरूपण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनको मुख्य समस्यासित सम्बन्धित सामग्रीको सङ्कलनका लागि प्राथमिक र द्वितीयक स्रोतको उपयोग गरिएको छ। प्राथमिक स्रोतका रूपमा गुरुप्रसाद मैनालीद्वारा लिखित 'सहिद' कथा रहेको छ भने द्वितीयक सामग्रीको रूपमा आधारभूत सैद्धान्तिक सामग्रीहरू, अनुसन्धानात्मक ग्रन्थ तथा लेख रहेका छन्। सामग्री विश्लेषणका लागि मूलतः गुणात्मक अनुसन्धान ढाँचाको उपयोग गरिएको छ। प्रस्तुत अध्ययनमा समस्याको समाधानका लागि कथाका मुख्य तत्त्वहरूमध्ये अन्य तत्त्वलाई छाडी परिवेशविधानको सैद्धान्तिक पक्षलाई विश्लेषणको आधार बनाइएको छ। समालोचना क्षेत्रमा स्थापित सैद्धान्तिक पर्याधारलाई आधारका रूपमा लिई सङ्कलित सामग्रीको विश्लेषणका लागि प्रायोगिक पद्धतिको उपयोग गरिएको छ। गुरुप्रसाद मैनालीका कथाहरूको विश्लेषण विभिन्न सिद्धान्तका आधारमा गरिए पनि एउटै कथातत्त्व परिवेशलाई आधार मानी 'सहिद' कथाको विश्लेषण नगरिएकाले यस अध्ययनको महत्त्व र औचित्यलाई पुष्टि गर्दछ। यस अध्ययनमा कथाका तत्त्वहरूमध्ये परिवेशविधानको सैद्धान्तिक पर्याधारका आधारमा 'सहिद' कथाको विश्लेषण गरिएको छ।

## नतिजा तथा छलफल

कथाको रचना गर्नका लागि आवश्यक तत्त्वमध्ये परिवेश पनि प्रमुख तत्त्व हो। कथानक, पात्र, सारवस्तु आदि तत्त्वहरू जस्तै परिवेशको पनि महत्त्वपूर्ण भूमिका र स्थान रहेको छ। कथामा घटना र पात्रको आधार नै परिवेश रहेको हुन्छ किनभने कथाकारले चयन गरेको विषयसम्बद्ध घटना र कथाका सहभागीले कार्यव्यापार गर्ने स्थान, समय र वातावरण नै परिवेशका रूपमा आएका हुन्छन्। आख्यानको सौन्दर्यशास्त्रले परिवेशका लागि देश, काल, वातावरण, कार्यपीठिका, पृष्ठभूमि जस्ता परिभाषिक शब्द प्रयोग गरे पनि नेपाली साहित्यशास्त्रमा परिवेश शब्द नै बढी प्रचलनमा रहेको छ। कथाकारले कथा रचनाका क्रममा कहिले, कसरी र कहाँ घटना र कार्यव्यापार भए भन्ने प्रश्नको उत्तरका रूपमा परिवेश आएको हुन्छ। "एच्. बी. पिटकिनले परिवेशलाई स्थान र समयको भावनात्मक स्वाद मानेका छन् जसमा नाटकीय घटनाहरू उद्घाटित हुन्छन्। यसै गरी बेसिल होगार्थले यसलाई त्यस्तो दृश्य मानेका छन् जसमा चरित्र र घटनाले गति पाउँछ" (शर्मा, २०६३, ३९९)। कथाकारले कथाको रचना गर्दा समय र स्थानको संयोजन कुन रूपमा कसरी गरेको छ भन्ने कथाकारको संज्ञानसम्बद्ध कथाको तत्त्व नै परिवेश हो जसमा कथाकारले आफ्ना अभिवृत्तिलाई भावात्मक वा दृश्यात्मक शैलीमा प्रस्तुत गरेको हुन्छ। "कथामा प्रत्यङ्कन गरिने देशकालको परिधिलाई परिवेश भनिन्छ। यसले पात्रको कार्यव्यापारलाई सप्रयोजन प्रस्तुत गर्न

पृष्ठभूमिको काम गर्दछ'' (शर्मा, २०६७, ७६) । कथाकारले कथा सृजनाका क्रममा चित्रण गर्ने स्थान र समयको पारस्परिक अन्वय नै परिवेशका रूपमा आएको हुन्छ । परिवेशले कथाकारले वैचारिक अभिवृत्तिको सम्प्रेषणका लागि चयन गरेका पात्र र तिनका क्रियाकलापबाट अभिव्यक्त हुने स्थान र समयगत चालचलन, रीतिस्थिति, स्थानीयता तथा आञ्चलिकतासमेतको प्रतिनिधित्व गरेको हुन्छ । यसप्रकार परिवेश कथाका कथानक, चरित्र, दृष्टिविन्दु, सारवस्तु र भाषाजस्ता तत्त्वलाई परस्परमा जोड्ने महत्त्वपूर्ण तत्त्वका रूपमा स्थापित रहेको छ । कथाकारले कथानक संरचनाका विभिन्न मोड आदि, मध्य र अन्त्यको शृङ्खलालाई परस्परमा सम्पृक्त गराउने माध्यम नै परिवेश रहने भएकाले परिवेशले कथानक निर्माणमा अहम् भूमिका खेलेको हुन्छ । कथानकीय अभिवृत्तिलाई गतिशीलता दिने पात्र र परिवेशका बिच दोहोरो सम्बन्ध रहेको छ । पात्र कुन स्थानमा उभिएको छ, पात्रका गतिविधिले कस्तो अवस्थालाई सङ्केत गरेको छ, पात्र कुन प्रवृत्ति र कस्तो व्यक्तित्वको रहेको छ भन्ने प्रश्नको उत्तरमा केन्द्रित रहने भएकाले पनि पात्रको स्थान, अवस्थिति, स्थानसापेक्ष पात्रको प्रवृत्ति र व्यक्तित्वलाई दिशानिर्देश गर्ने हुँदा कथा कुन गतिमा कता गइरहेको छ भन्ने विषयको बोध गराउने सम्बन्धकका रूपमा पात्र र परिवेशको सम्बन्ध अपरिहार्य मानिएको हो । कथाका अधिकतर तत्त्वसँगको सानिध्यका कारण परिवेशको सम्बन्ध कथानक र पात्रका अतिरिक्त दृष्टिविन्दु र भाषासँग पनि रहेको हुन्छ । परिवेश र दृष्टिविन्दुबिचको प्रत्यक्ष सम्बन्धका कारणले नै लेखकीय अभिवृत्तिका रूपमा रहेको दृष्टिविन्दु पाठकसमक्ष सम्प्रेषित भई कथाको कथयिता वा समाख्याताले प्रस्तुत गर्न खोजेको सन्देश पाठकसामु पुऱ्याउन परिवेश नै सहयोगी सिद्ध रहेको हुन्छ । कथाकारले आफ्ना अभिवृत्तिलाई प्रस्तुत गर्ने भाषा पनि परिवेशबाट नै निर्धारित रहेको हुन्छ भने कथाकारले रोजेको परिवेशअनुसार भाषाको स्वरूपमा एकरूपता नरहने अवस्था सृजना भएको देखिन्छ । कुनै पनि आख्यानको परिवेशविधानको अध्ययन गर्दा आख्यानकारले उक्त कृतिमा प्रस्तुत गरेको स्थान, समय र वातावरण गरी तिनटा आधारभूत मानकको अध्ययन गर्नुपर्ने सौन्दर्यशास्त्रीय मान्यता रहेको छ ।

कुनै संरचनालाई स्थिर तुल्याउन आवश्यक भौतिक आधारका रूपमा स्थान रहेको हुन्छ । यही स्थानकै आधारका संरचना उभिएको हुन्छ । कथा मानवसम्बद्ध घटना र कार्यव्यापारलाई प्रस्तुत गर्ने माध्यम रहेकाले यसको भौतिक आधारका रूपमा स्थानको सर्वोपरिता रहेको छ । कथाकारले स्थानलाई आफ्नो अभिवृत्तिलाई पात्रका माध्यमबाट सम्प्रेषण गर्ने सन्दर्भमा स्थानको चयन गरेको हुन्छ । स्थानका रूपमा सार्वभौमिक प्रसिद्धि प्राप्त स्थान वा सामान्य अपरिचत स्थान पनि चित्रण भएका हुन्छन् । कथाकारको धारणासँग सम्बन्धित भएर आउने परिवेशले पात्रलाई खेल्नका लागि उचित रङ्गमञ्च प्रदान गरेको हुन्छ । ''यो सामान्यतः कहाँ भन्ने प्रश्नको उत्तरमा आउँछ । यसअन्तर्गत प्राकृतिक बाह्य जगत् र मानव निर्मित वस्तुहरू पर्दछन् । वनपाखा, फूलबारी, पार्क, बाटोघाटो बाह्य जगत्सँग सम्बन्धित कुरा हुन् भने घर, बेन्च, टेबुल, कोठा आदि मानव निर्मित वस्तु हुन्'' (बराल, २०६९, ८५) । परिवेशअन्तर्गत आउने स्थानले सूक्ष्म विन्दुदेखि वस्तुजगतको व्यापकतासम्मको स्थितिलाई समेटेको हुन्छ । स्थानले विशेषतः कथालाई यथार्थ र विश्वसनीय तुल्याई चरित्रलाई गतिशील बनाउन मार्गनिर्देश गरिरहेको हुन्छ भने कथामा द्वन्द्वत्मकता सृजना गरी कथ्यको बिस्तारका निम्ति सहयोगी रहेको हुन्छ । कथाका पात्रहरूका बिचको बाह्यद्वन्द्वको क्रीडास्थलका रूपमा

रहने स्थानले कथालाई प्रतीकात्मक तुल्याई ती प्रतीकका माध्यमबाटै विविधतापूर्ण मानवीय भावलाई प्रस्तुत गरेको हुन्छ। कथाकारले कथा सृजनाका क्रममा स्थानलाई पहिचानसहित प्रस्तुत गरेको हुन्छ भने कतिपय कथामा स्थान अप्रत्यक्ष रूपमा चित्रण भएका हुन्छन्। निश्चित भूगोल र प्रकृतिसम्बद्ध, स्थान तोकेर वर्णन गरिएका कथा एकदेशीय वा आञ्चलिक कथा हुन्छन् भने भने सबै ठाउँमा मिल्ने खालका भूगोल, प्रकृतिसम्बद्ध कथा सर्वदेशीय परिवेश भएका कथाका रूपमा संरचित हुन्छन्।

परिवेशभित्र आउने अर्को महत्त्वपूर्ण तत्त्व समय रहेको छ। कथाकारले कथामा चित्रण गरेका तिथिमिति, बेला, अवस्था, कथामा घटना घटेको र कार्याव्यापार सम्पन्न भएको काल वा बेलाजस्ता सन्दर्भसम्बद्ध सूचना समयका रूपमा आएका हुन्छन्। समय कथाको अध्ययनका क्रममा सामान्यतः पाठकले कहिले भन्ने प्रश्नको उत्तरमा प्राप्त गर्ने अर्थसँग जोडिएको हुन्छ। कथाकारले कथा संरचनामा प्रस्तुत गरेको समयसूचक अभिवृत्ति जस्तैः घडी-पला, दिन-रात, बिहान-बेलुकी, गते, तिथि, बार, साता, पक्ष, महिना, ऋतु, वर्ष, दशक, शताब्दी जस्ता समयसम्बद्ध सूचना तथा यिनीहरूको परिणतिलाई प्रस्तुत गरेको हुन्छ। कथाकारले कथामा समयलाई विशिष्ट र सामान्य दुई तरिकाले प्रस्तुत गरेको हुन्छ। कथाकारले पहिले प्रसिद्ध भइसकेको घटनासम्बद्ध समयलाई प्रस्तुत गरेको छ भने उक्त समयलाई विशिष्ट वा ऐतिहासिक समय भनिन्छ भने सामान्य विषयबोध गराउने समय सामान्य समयका रूपमा आएका हुन्छन्। कथाकारले कथामा चित्रण गरेको समय कालगत सामान्य अनुक्रममा, चेतनाका स्तरमा, कालगत व्यतिक्रमका आन्तरिक गतिमा गतिशील भएर आएका हुन्छन्। कथामा सामान्य अनुक्रम र व्यतिक्रममा आएको समयगत अभिवृत्ति विगत, वर्तमान र आगतको समयलाई समयगत परिवेशको रूपमा छनोट गरिएको हुन्छ। "बितेको समयको बारेमा कथा लेख्दा त्यस बेलाको इतिहास, संस्कृति तथा भाषाबारे ज्ञान हुन आवश्यक हुन्छ भने भविष्यका बारेमा कथा लेख्दा चाहिँ सामाजिक तथा प्राकृतिक विकासको प्राक्कल्पनिक हेक्का नभई हुँदैन। कथामा जुनसुकै समयको प्रयोग भए पनि वर्तमानकै घटनालाई समेटेर धेरै कथा लेखिएका छन्" (बराल, २०६९, ८७)। कथाकारले कथाको सृजना गर्दा कतिपय कथामा समयलाई स्पष्ट रूपमा निर्धारण गरेका हुन्छन् भने भने कतिपय कथामा समय निर्धारण गरिएको पाइँदैन। समय निर्धारण नभएका कथाको समयलाई कथामा प्रस्तुत भएका घटना, कथाकारको विचारमा आधारमा समयको निर्धारण गर्नुपर्ने अवस्था रहने गर्दछ। कथाकारले कतिपय कथामा समयगत सार्वकालिक परिवेशको चित्रण गरेका हुन्छन्। कथामा घटनाको सत्यता, पात्रका क्रियाकलापको स्वाभाविकता र सारको पूर्णताका लागि समयगत परिवेशको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ।

परिवेशको अर्को महत्त्वपूर्ण अङ्गका रूपमा वातावरण रहेको छ। कथाकारले कथागत अभिवृत्तिको सम्प्रेषण गर्ने क्रममा आएका सुखद वा दुःखद स्थिति तथा सहभागीको क्रियाकलापबाट सृजना हुने पाठकीय प्रभावलाई वातावरणका रूपमा कथामा अभिव्यञ्जित भएका हुन्छन्। कथाकारले कथामार्फत् प्रस्तुत गर्ने परिवेशका आन्तरिक र बाह्य प्रारूपमध्ये वातावरण आन्तरिक परिवेशसँग सम्बन्धित रहेको छ। आन्तरिक परिवेश सहभागीको मानसिक परिवेशका रूपमा पनि परिभाषित रहेको छ। "कथा मानव समाजसम्बद्ध समाज र सामाजिक क्रियाकलापसम्बद्ध संरचना भएकाले समाजमा प्रचलित सामाजिक

व्यवहारको प्रस्तुत नै कथाको सशक्तता र लोकप्रियतालाई मापन गर्ने आधारका रूपमा रहेको हुन्छ। यसरी कथामा वर्णित घटना वा स्थितिविशेषको एउटा धरातल हुन्छ त्यस धरातललाई भौतिक र मानसिक धरातलका रूपमा लिन सकिन्छ यसैको समष्टि स्वरूपलाई वातावरण भनिन्छ" (थापा, २०६६, १६३)। कथाकारले कथासृजनाका क्रममा जसरी विश्वसनीय वातावरणको चित्रण गर्न सक्दछ त्यही आधारमा कथा र कथाकारप्रतिको पाठकीय दृष्टिकोण निर्माण हुने भएकाले सामाजमा रहेका तथ्यको काल्पनिक पुनर्निर्माण गरी प्रस्तुत गरेको वातावरणले संरचनात्मक विश्वसनीयता कायम गर्ने हुँदा कथाकारले सामाजिक संरचना, विश्वास र प्रचलनका आधारमा वातावरणको संयोजन गरेको हुन्छ। कथाकारले कथामा प्रस्तुत गरेका सहभागीहरूका मनमा उत्पन्न हुने भाव र उक्त भावले निर्देशन गरेका बाह्यान्तरिक अभिवृत्ति नै वातावरणका रूपमा कथामा प्रस्तुत भएका हुन्छन्। कथाकारले स्थान र समयसम्बद्ध घटित हुने घटना एवम् पात्रको कार्यव्यापारले वातावरणको निर्माण गरेको हुन्छ। परिवेशअन्तर्गत आएका स्थान र समय परिवेशका स्थूल भेदका रूपमा आएका हुन्छन् भने वातावरण सूक्ष्म भेदका रूपमा आएको हुन्छ। स्थान र समयको स्थूल संरचनालाई जोड्ने संयन्त्रका रूपमा वातावरण कथाभरि व्याप्त रहेको हुन्छ। यिनै वातावरणको सूक्ष्म प्रशारणका माध्यमबाट कथाकारले कथालाई सुखान्त वा दुःखान्त मोडतर्फ प्रवृत्त गराउँछ अथवा कथाले कुन मोड लिन्छ भन्ने तथ्यको संज्ञान दिने भरपर्दो माध्यमका रूपमा वातावरणको अहम् भूमिका रहेको हुन्छ। " पर्यावरणले इतिवृत्तिको क्रम र प्रकृतिलाई परिभाषित गर्ने तथा पात्रका बाह्याचरण एवम् बाह्य परिवेशलाई विशिष्टता प्रदान गर्ने प्रकृति, मानवीय सम्बन्ध एवम् सामाजिक आर्थिक पृष्ठभूमि आदिलाई बुझाउँछ। पात्रको आन्तरिक व्यक्तित्व वा मनोवैज्ञानिक अस्तित्त्वलाई परिभाषित गर्ने तत्त्व चाहिं चित्तवृत्ति हो" (नेपाल, सन् २००५, ९४)। कथामा चित्रण गरिएका पात्रका अशक्तता, उदासी, जुगुप्सा, निराशा, आशा आदि भावहरूलाई सिर्जना गर्ने घटना वा प्रसङ्ग नै वातावरणगत परिवेशसम्बद्ध भएर आउँछन्। यसरी कथामा प्रस्तुत स्थान, समय र वातावरणको संयुक्त रूप नै परिवेशका रूपमा आएको हुन्छ। परिवेशभित्र वस्तु र सहभागीका अतिरिक्त विचारको प्रस्तुति पनि भएको हुन्छ। सहभागीको मानसिकतामा सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक आदि विभिन्न कुराहरू पैदा गर्न सक्ने सन्दर्भहरू सहभागीभित्रै समावेश भएका हुन्छन्। यसप्रकार कथाको महत्त्वपूर्ण तत्त्वका रूपमा परिवेशको क्षेत्र निकै बिस्तृत रहेको छ।

**'सहिद' कथामा परिवेशविधानको स्वरूप**

नेपाली राजनीतिक वृत्तमा २००७ सालको राजनीतिक परिवर्तनपूर्व राणाशासनको ऐतिहासिक पृष्ठभूमिमा लेखिएको यस कथामा मूलतः साढे चार महिनामा घटेका घटना तथा पात्रका कार्यव्यापारका स्थान, समय र वातावरणलाई परिवेशले ग्रहण गरेको छ। आर्थिक दुरावस्था र सामाजिक शोषणका कारण जिजीविषा र वैकल्पिक आयआर्जन गर्ने प्रयोजनका लागि प्रवासिएका नेपाली र शैक्षिक उपलब्धिका लागि प्रवासीहरूको संयुक्त प्रयासबाट कसरी राणाविरोधी क्रान्तिले सफलता र पूर्णता पएको थियो भन्ने मूल अन्तर्वस्तुमा आधारित प्रस्तुत कथाले ऐतिहासिक परिवेशलाई कथ्यमा समेटेको छ। सूच्य रूपमा नेपाली ग्रामीण परिवेशलाई चित्रण गरिएको यस कथामा छिमेकी मुलुक भारतको विकासोन्मुख सहर र नेपालसँगको

सीमाना जोडिएको कुनै अद्धसहरी पर्यावरणको चित्रण गरिएको छ। यही स्थानिक परिवृत्तमा भएका घटना र कार्यव्यापारका अन्तर्साक्ष्यमा आएका स्थानिक, कालिक र पर्यावरण नै कथाको परिवेशका रूपमा आएका छन्। यस अध्ययनमा कथामा आएका स्थानिक, कालिक र पर्यावरणद्योतक उद्धरणका आधारमा यस कथाको परिवेशको चर्चा गरिएको छ।

***कथामा स्थानगत परिवेश***

प्रस्तुत कथाको स्थानगत परिवेश नेपाली भूगोलको ग्रामीण क्षेत्रदेखि मित्रराष्ट्र भारतको शिक्षा, स्वास्थ र यातायातजस्ता भौतिक पूर्वाधार भएको सहरसम्म विस्तारित रहे पनि मुख्य स्थानका रूपमा नेपालीहरू अध्ययनका लागि जाने भारतको बनारस सहर र त्यहाँको केन्द्रविन्दुमा सञ्चालित गतिविधिसम्बद्ध रहेका छन्। कथाकारले कथामा मूल स्थानका अन्तर्साक्ष्यमा समावेश गरी कतिपय स्थानलाई गौण र कतिपय स्थानलाई सूच्य रूपमा प्रस्तुत गरेका छन्। स्थानगत मूल परिवेशका रूपमा नेपालभन्दा बाहिरको भारतीय भूमिमा अवस्थित शिक्षा, स्वास्थ र यातायात जस्ता पूर्वाधारयुक्त सहरको चित्रण भएको छ। कथाकारले कथामा केन्द्रीय परिवेशको चित्रण कथाका विभिन्न पात्रसँग सम्बन्धिता क्रियाकलापका आधारमा प्रस्तुत गरेका छन्। ''उही कलेज पढ्ने गोरोगोरो पातलो बाबु क्या चश्मा लाउने'' (मैनाली, २०७१, ७५)। ''दरबानीमा लाउन खान मात्र ठीक हुने, एक पैसा नजोगिने हुनाले आजकाल रिक्सा चलाउने काम गरिरहेको छु'' (पृ. ७६-७७)। वीरबहादुरसँग स्टेसननिरको रुखमुनि भेट भयो (पृ., ८०) प्रस्तुत उद्धरणहरु नेपालीहरु अध्ययनका लागि जाने उच्चशिक्षा प्रदायक संस्था भएको, नेपालभन्दा बाहिरको सहरी पर्यावरण र त्यहाँ नेपालीको स्थिति, यातायातको पहुँच भएको सहरमा धटेका घटना र पात्रको क्रियाकलापलाई पुष्टि गरेका छन्। ''कोसीनदीको कुशाहाघाटमा सरकारी सेनासँग हाम्रो घमासान लडाइँ पऱ्यो। दुवैतिरका धेरै जवान हताहत भए। ... ...होस फिरेपछि मैले आफूलाई यही बेडमा सुतिरहेको पाएँ'' (पृ., ८५)। गौण परिवेशका रूपमा राणाका सेनाविरुद्ध र सशस्त्र युद्धका लागि खटिएका काङ्ग्रेस समर्थक मुक्तिसेनाका बिच भएको युद्धक्षेत्रका रूपमा विराटनगर, कोसीनदीको कुशहाघाट, विराटनगरमा रेडक्रसले सञ्चालन गरेको सैनिक अस्पताल मुख्य रूपमा चित्रित रहेका छन्। कथाकारले सूच्य परिवेशको रूपमा नेपालका विभिन्न ग्रामीण इलाकाका साथै नेपालबाहिरका विभिन्न स्थानलाई चित्रण गरेका छन्। यस्ता सूच्य परिवेशका रूपमा कथाको नायक वीरबहादुरको गाउँ जहाँ उसको मानोमुरी फल्ने खेत उसकी अर्धाङ्गिणी र सानो छोरो रामको बसोबास रहेको छ (पृ. ७७), भने प्रबासी भूमिको रेल्वेस्टेसन छेउमा चियापसल चलाउने पोखरातिरकी साइँली क्षेत्रिनी (पृ. ७९), नुवाकोटको क्षेत्री धने (पृ. ७९), रामेछापको गुरुङ (पृ. ८१) जस्ता सन्दर्भको प्रस्तुतिका क्रममा ग्रामीण नेपाली समाजको चित्रण भएको छ। कथाकारले राणासरकार विरुद्धको सशस्त्र क्रान्तिका लागि मुक्तिसेना भर्ना गर्न भर्तिकेन्द्र खोलेका भारतीय भूमिका स्थानहरू नौनतवा, गोरखपुर, पटना, लखनौ, कटिहार (पृ., ८३), बर्मा (पृ., ८५) जस्ता स्थानको चित्रण भएको छ। यसका अतिरिक्त कथाकारले यसका अतिरिक्त मूल स्थानिक परिवेशभित्र कोठा, दरबानी, खेत, परदेश, गाउँ, स्टेसन, स्टेसननेर, अखडा, डाँकखानाको सेभिङ ब्याङ्क, पहाडपर्वत, अस्पताल, रुखमुनि, पानको पसलअगाडि, हाजत, थाना, डेरा, घाट, घण्टाघर सामुन्नेको बिल्डिङ्बाटो, नेपालको हिन्ददुताबास, भारतका स्कुलकलेज, पर

कुनाको बेड, प्लेटफारम, तराईको बाटो, अस्पतालको बेड, पर क्षितिज जस्ता स्थानमा घटेका घटनालाई कथ्यमा उतारिएको छ। नेपाली भूगोलभन्दा बाहिरको सर्वदेशीय परिवेशलाई स्थानका रूपमा चयन गरेका कथाकारले उक्त परिवेशभित्र गौण र सूच्य परिवेशका रूपमा नेपालका विभिन्न क्षेत्र तथा सरकार पक्षधर सेना र मुक्तिसेनाका बिच युद्ध भएका स्थानका अन्तर्साक्ष्यमा चित्रण गरेका घटनाले कथालाई विश्वसनीय तुल्याएको छ।

***कथामा कालगत परिवेश***

कथाकारले परिवेश विधानअन्तर्गत चित्रण गर्ने कालगत परिवेशभित्र कथालेखनको समयको युगीन अवधि, कथाको कथ्यले ओगटेको मूल समय वा कथामा प्रस्तुत गरिएका घटनाले चर्चेको समयलाई सूचित गर्ने अवधिका रूपमा कथाकारले प्रस्तुत गरेको हुन्छ। प्रस्तुत कथाको मुख्य कालगत परिवेश २००७ सालको राजनीतिक परिवर्तनपूर्व सामन्तवादी राणाशासनका विरुद्ध नेपाली काङ्ग्रेसले सञ्चालन गरेको सशस्त्र आन्दोलन तथा उक्त आन्दोलनको पूर्वपीठिकामा अवस्थित नेपालीहरू प्रवासिनु पर्ने कारणका रूपमा रहेका शैक्षिक र आर्थिक समस्यामूलक गतिविधिसँग सम्बन्धित रहेको छ। मुख्य कालगत परिवेशभित्र सूच्य रूपमा आएको करीब दशबर्षको अवधि कथा अध्ययनका क्रममा भेटिने तथ्यका रूपमा रहेको छ।

> नेपालमा भित्रभित्रै सल्किरहेको क्रन्तिको आगो एकै पटक दन्कियो । आफ्ना प्यारा प्रजालाई आजाद गराउनका निमित्त हाम्रा वीर सम्राट् त्रिभुवन वीरविक्रम शाहदेव ००७ साल कार्तिक २१ गते आफ्ना सारा परिवार लिई शरणार्थीका रूपमा नेपालको हिन्ददुतावासमा प्रवेश गर्नुभो र कार्तिक २६ गते हिन्दसरकारका संरक्षणमा विमानद्वारा दिल्लीतर्फ प्रस्थान गर्नुभो । त्यसै दिन रातको ३ बजे नेपाली काङ्ग्रेसले पूर्व मानेभञ्ज्याङदेखि लिएर पश्चिम महाकालीसम्म नेपालका सामन्ती सरकारका विरुद्ध गृहयुद्धको घोषणा गऱ्यो (पृ. ८३) ।

राणाशासनको ऐतिहासिक पृष्ठभूमिमा लेखिएको यस कथाको परिवेशले मूलतः साढे चार महिनामा घटेका घटना तथा पात्रका कार्यव्यापारका स्थान, समय र वातावरणलाई ग्रहण गरेको छ। प्रस्तुत उद्धरण २००७ को राजनीतिक परिवर्तनको पूर्वार्द्धमा तत्कालीन राजा त्रिभुवनको परिवारसहित भारत पलायनपछि आरम्भ भएको राणाशासन विरुद्धको सशस्त्र आन्दोलनको कार्यपीठिकालाई प्रस्तुत गर्ने ऐतिहासिक समयसम्बद्ध रहेको छ। कथाकारले उक्त समयमा नेपालको सामाजिक संरचना र उक्त ऐतिहासिक क्रान्तिलाई सफल बनाउनका लागि योगदान दिने व्यक्तिहरू के कारणले प्रवासिएका थिए तथा उनीहरू के कस्ता कारणले सशस्त्र आन्दोलनसँग जोडिएका थिए ? आन्दोलनसम्बद्ध हुनुको कारणलाई सूत्रात्मक रूपमा चित्रण गरिएको यस कथाकारले ऐतिहासिक समयलाई कथाको मूलसन्दर्भसँग सम्बद्ध गराएका छन्। प्रस्तुत कथामा कथानकले सङ्केत गरेको मूल समय २००७ सालको राजनीतिक परिवर्तनपूर्वका दशवर्षको अवधिलाई गौण रूपमा चित्रण गरिएको यस कथामा ऐतिहासिक समयका अतिरिक्तसर्वकालिक समयलाई ऐतिहासिक समयसँग प्रभावकारी रूपमा संयोजन गरिएको छ। ''बिहानैदेखि आकाश बादलले ढाकिरहेको थियो। टाइमटाइममा चिसो बतास चल्थ्यो। पुसको जाडोले तरुण रूप धारण गरेको थियो'' (पृ., ८६) प्रस्तुत उद्धरणमा कथाकारले मानवीय मनस्थितिको कारक र प्रेरकका रूपमा समयलाई प्रस्तुत

गरेका छन् । छोरो मरेको खबर पाएको वीरबहादुरको विचलित र निराश मानसिकताको प्रेरकका रूपमा पुस महिनाको बिहानी समय र बादलले ढाकेको परिवेशको अन्तर्साक्ष्यमा छोरो मरेको बाउ र आमाको मानसिक चित्तवृत्तिलाई प्रस्तुत गरिएको छ । कथाकारले सूच्य समयका रूपमा दोस्रो ठूलो युद्धमा वीरबहादुरले बर्मामा युद्ध गरेको, गोर्खा पल्टनमा ५ वर्ष नोकरी गरेको, १० वर्षअगाडि डल्लीसँग विवाह गरेको छोरो ५ वर्ष पुगेको जस्ता समयसूचक परिवेशलाई कथानक विस्तारका क्रममा प्रस्तुत गरेका छन् । कथाकारले कथा सृजनाका क्रममा दशैंको प्रसङ्ग उठान गरी शरद्ऋतु, महिनाहरूमा भदौ, पुस र फागुन जस्ता समयसूचक परिवेशका अतिरिक्त सार्वकालिक समयका रूपमा आजकल, पन्ध्रदिन, एकछिनपछि, दश वर्ष, आज, आधा दिनसम्म, आठ-बजे, रोजै, सालभर, एक सातापछि, हिजो, भोलि, पोर साल, यसपालि, दिन, डेढदुई महिनापछि, यो साल, आज, धेरै बेरसम्म, अस्ति, साँझ, बिहान, मध्यान्न, रातको तीन बजे, पर्सिपल्ट, चाँडै, त्यही बेला, पाँच साल, रात्रि, वर्ष दिन, पोहोर, परार, अघिल्लो साल जस्ता समयलाई चित्रण गरेका छन् ।

### *कथामा वातावरणगत परिवेश*

प्रस्तुत *सहिद* घटनाप्रधान कथा भएकाले राणाकालीन ऐतिहासिक समयका अन्तर्साक्ष्यमा नेपाली समाजमा विद्यमान गरिबी, अशिक्षा, सामाजिक शोषण, तथा सामन्तवादी सत्ताप्रतिको जनविद्रोह, राणाशासनको अन्त्य र प्रजातन्त्र प्राप्तिका लागि भएका जनसङ्घर्ष भएको २००७ सालको परिवर्तनपूर्व नेपाली समाजमा व्यवहारसम्बद्ध सामाजिक घटनाहरू वातावरणका रूपमा चित्रण भएका छन् । कथाकारले एकाध स्थानमा पात्रको मनोविज्ञानसम्बद्ध अन्तर्द्वन्द्वलाई प्रस्तुत गरे पनि ती सन्दर्भहरू घटनाप्रधानताका कारण गौण बन्न पुगेका छन् । कथाकारले प्रस्तुत कथामा बाह्यान्तरिक दुवै वातावरणगत परिवेशको संयोजन गरी कथाको सृजना गरेका छन् । कथाकारले कथाको बाह्य अर्थात् स्थूल वातावरणका रूपमा नेपाली समाजमा रहेको अशिक्षा, गरिबी र सामाजिक शोषण र नेपाली समाजमा आर्थिक उपार्जनको वातावरण नरहेका कारण जिजीविषा र अर्थिक उपार्जनका लागि प्रवासिनु पर्ने अविकसित सामाजिक संरचनालाई वातावरणका रूपमा प्रस्तुत गरेका छन् । प्रस्तुत कथामा मूलभूत वातावरणगत परिवेशका रूपमा तत्कालीन नेपाली समाजमा विद्यमान शैक्षिक, आर्थिक, राजनीतिक र सामाजिक शोषण प्रमुख रहेका छन् । कथाकारले प्रस्तुत कथाको मुख्य वातावरणगत परिवेशका रूपमा राणशासनमा रहेका सामाजिक/आर्थिक शोषण र असमानता, शैक्षिक र सचेत नागरिकका मानसिकतामा विकसित बन्दै गएको राणाविरोधी गतिविधि र परिवर्तनकारी क्रान्तिका लागि आमनागरिकको सहभागितालाई मुख्य वातावरणका रूपमा चित्रण गरेका छन् । कथाकारले राणाशासनको समयमा नेपालीहरू प्रवासिनु पर्ने मुख्य तीन कारणहरू आर्थिक विभेद र सामाजिक शोषण, अशिक्षा र नागरिक स्वतन्त्रतामाथि नियन्त्रण रहेको सामाजिक यथार्थ नै कालान्तरमा राणाशासनको पतनको कारण बनेको वातावरणलाई आख्यानीकरण गरेका छन् । ''डल्लीलाई बिहे गर्दा एक सय लिएको थिएँ । त्यसैलाई दोब्र्याई-तेब्र्याई पाँच सय पारेर खेत खाइरहेको छ'' (पृ. ७७) निश्चित सामन्तका हातमा रहेको सामाजिक सत्ताले सृजना गरेको सामाजिक शोषण र वैकल्पिक आय र रोजगारीको वातावरण निर्माण नभएको सामाजिक संरचनाले गरिब समुदयमाथि गरेको शोषणवृत्तिले ग्रामीण समाजका

अधिकतर युवा प्रवासिनु पर्ने अवस्था रहेको छ। जिजीविषा र परिवारप्रतिको उत्तरदायित्व निर्वाह गर्ने प्रयोजनका लागि विदेसिनु पर्ने यथार्थको उद्बोधन प्रस्तुत उद्धरणमा भएको छ भने समाजमा रहेको यही विभेदका कारण प्रवासिएका नेपालीको समाजमा रहेको सामन्तवादी वृत्ति विरुद्धको आक्रोस नै सामन्तवादी राणाशासन व्यवस्थाका व्यतिरेकमा सशस्त्र युद्धको कारक बन्न पुगेको छ। जनताले शिक्षित र सुसूचित रहेको अवस्थामा आफ्नो शासनमा प्रतिकूलता सृजना हुने ठानेर निश्चित वर्ग र परिवारमा सीमित राखेको शिक्षाप्रणालीबाट आजित बनेका मध्यमवर्गीय समाजका सदस्य शिक्षाकै लागि प्रवासिन बाध्य रहेका थिए। जनताको शिक्षाप्राप्त गर्ने चाहनामा प्रतिबन्ध लगाएका राणाशासनको नीतिका कारण सिङ्गो समाज शिक्षाबाट विमुख रहेको थियो। कथाकारले नेपाली समाजमा आर्थिक विभेदले विस्थापित हुन लागेका नागरिकका लागि आर्थिक उपार्जनको वैकल्पिक व्यवस्था नहुँदा नेपाली समाजमा सामन्तहरूले गर्ने शोषण वृत्तिको बिस्तारले सृजना गरेको विभेदकारी वातावरणको सृजना भएको परिवेशको चित्रण गरेका छन्। "देवता बाबू कति जनाको चिठी लेखिदिन्थे, थाहा पाउनुहुन्छ ? सहरका आधाभन्दा बढ्ता कुल्लीकवाडी, दरवान, रिक्सावाल नेपालीहरूको चिठी उनै लेखिदिन्थे" (पृ., ७६)। कथाकारले समुदायलाई परस्परमा जोड्ने तथा समाज विकासलाई अग्रगति दिने आधारभूत वस्तुका रूपमा शिक्षाको औचित्यलाई स्थापित गरेका छन्। कथाकारले आर्थिक विभेदका कारण प्रवासिएका नेपालीलाई एकस्थानमा ल्याउने र संगठित तुल्याउने माध्यमका रूपमा शिक्षालाई अगाडि सारिएको छ भने अर्को तिर नेपाली समाजमा उपयुक्त शिक्षाको व्यवस्था नहुँदा आम नेपालीले आफ्नै समाज र प्रवासी समाजमा पनि व्यहोर्नु पर्ने जटिलतालाई प्रस्तुत गरेका छन्। शिक्षाका कारण नेपाली समाजमा उपेक्षित रहेका नेपालीले प्रवासी भूमिमा समेत कठिनाईको सामना गर्नुपर्ने वातावरणको चित्रण प्रस्तुत उद्धरणमार्फत् सिद्ध गरेका छन्। "दरवानीमा लाउनखान मात्र ठीक हुने, एक पैसा नजोगिने हुनाले आजकल रिक्सा चलाउने काम गरिरहेको छु" (पृ., ७७)। सामाजिक संरचनाले शिक्षित र अशिक्षित वर्गलाई दिने श्रमको प्रकृति एकैप्रकारको रहदैन। अशिक्षित समुदायबाट प्रवासिएका नेपालीले प्रवासमा गर्ने काम भनेको न्यून ज्यालामा गर्ने कडा शारिरीक श्रमशक्ति खर्च हुने कार्यहरू नै रहेका छन्। कुल्ली, दरवान, भाँडा माझ्ने जस्ता काम गर्ने नेपालीहरू आफ्नो स्वतन्त्र कामका रूपमा रिक्सा चलाउने, होटल चलाउने जस्ता कार्यतर्फ पनि प्रवृत्त भएका छन् तथापि न्यून आम्दानीका कारण सम्पन्न हुने दिशामा ती नेपालीको श्रमशक्ति र सामर्थ्य अभिमुख हुन नसकी गरिबी मै रहनुपर्ने पर्यावरणलाई प्रस्तुत उद्धरणले चित्रण गरेको छ। "धनसम्पत्तिको नाउँमा ऊसँग एउटा कब्जा फुक्लेको थोत्रो ट्रङ्क र एउटा पुरानो कम्बलको सानू गुन्टासिवाय केही थिएन" (पृ. ८२)। नेपालमा रहेको विभेदकारी र शोषणवृत्तिबाट ग्रसित सामन्तवादी समाज व्यवस्थाका कारणले प्रवासिएका नेपालीहरूमाथि विदेशीले गर्ने शोषणको शृङ्खलाबाट पार्थक्य पाउने सम्भावना त छै न नै तथापि नेपालीहरूबिच नै अनमेलको कारणले आफूआफैंमा आआफ्ना वस्तु र सम्पत्ति चोर्ने जस्ता कृत्यले प्रवासिने क्रममा नेपालीले लिएर गएको सामन्तवादी प्रवृत्तिले निरन्तरता पाएको छ। यही कारणले वीरबहादुर जस्ता इमान्दार नेपालीहरू आफ्नो भूमिमा गाउँका सामन्तबाट उत्पीडनमा परेका छन् भने प्रवासमा नेपालीहरूकै कारण आफ्नो लामो समयको कमाइ गुमाएर रित्तो हात स्वदेश फर्कनका लागि बाध्य भएका छन्।

कथाकारले प्रस्तुत कथा रचनाका क्रममा चित्तवृत्तिसम्बद्ध आन्तरिक परिवेश भएका उद्धरणको प्रयोग पनि पर्याप्त मात्रामा गरेका छन् । कथाकारले समावेश गरेका मनोविज्ञानसम्बद्ध वातावरणको प्रयोगले कथामा मानव मनोवृत्तिमा आउने विभिन्न भावको प्रस्तुतीकरणका माध्यमबाट निर्देशित आन्तरिक वातावरण मुखरित भएको छ । यसप्रकारका सन्दर्भको प्रयोग व्यक्तिगत मनोविज्ञान र चित्तवृत्तिको पृष्ठपोषण गर्ने प्रयोजनका लागि नभई नेपाली समाजमा सामन्तवादी संरचनाले सामाजिक क्रियाकलापमा सृजना गरेको विभेद, निषेध र असमानताले सृजना गरेको वातावरणका विरुद्धमा प्रस्तुत भएका छन् भने कतिपय घटनामा मानव मनोविज्ञानले अनुभव र प्रतिक्रिया जनाउने सामान्य र विशिष्ट अभिवृत्तिका रूपमा प्रस्तुत गरिएका छन् । कथाकारले सामान्य अभिवृत्तिमूलक वातावरणका रूपमा परस्परमा भेट हुँदा गरिने शिष्टाचार, कसैप्रति लक्ष्यित गरी अभिव्यक्त भएका व्यङ्ग्य, गाली र परस्परमा गरिएका ठट्यौली जस्ता सन्दर्भलाई समावेश गरेका छन् । ''हल्ला मच्चाएर मेरो शान्ति भङ्ग गरिदिएको हुनाले आगन्तुकउपर मलाई अलिअलि रिस उठिरहेको थियो'' (पृ., ७५) । प्रस्तुत उद्धरण कुनै पनि व्यक्तिले आफ्नो शान्ति भङ्ग गर्दा दोस्रो व्यक्तिमा असर गर्ने मानसिक कारणसँग सम्बन्धित रहेको छ । एउटा अध्ययनशील व्यक्ति मानसिकतामा होहल्लाका कारणले सृजना हुने प्रतिक्रियात्मक चित्तवृत्तिलाई यस सन्दर्भले पुष्टि गरेको छ । ''आगन्तुकले आँखा झिम्क्याएर आफ्नू अट्टाहासले कोठा घन्काउँदै भन्यो'' (पृ. ७६) । मान्छे सहनशील र सचेत प्राणी भएकाले जस्तोसुकै अभाव र दैन्यको स्थितिमा पनि आफूलाई सम्हालेर बाँच्ने कला उसमा विद्यमान रहन्छ भन्ने मानवीय चित्तवृत्तिलाई यस उद्धरणमार्फत् प्रस्तुत गरेका छन् । ''खाओस् साले कति दिन खाला ?'' (पृ., ७८) । आर्थिक शोषणमा परेको गरिबको सामन्तवादी कृत्यमाथि आक्रोश पोखिएको यस उद्धरणले सामाजिक संरचना र त्यसको नेतृत्वप्रति बढ्दै गएको विद्रोहलाई साङ्केतिक चित्तवृत्तिमार्फत् प्रस्तुत गरेको छ । ''नाइँ बाबु त्यो पापी थुनिएकोमा के को खुसी लाग्नु'' (पृ., ८०) । परदेशमा आफ्नो देश र परिवेशका मानिसले जस्तोसुकै आघात गरे पनि तिनीहरूप्रति धृणा र प्रतिशोधका स्थानमा दया र सहानुभूति नै जीवन्त रहेको हुन्छ । कथाकारले आफ्नो देशबासी जुनसुकै रूपमा पनि मातृभूमिप्रतिको कर्तव्य र अपनत्वका कारणले परस्परमा बाँधिएका हुन्छन् भन्ने मनोवैज्ञानिक सम्बन्धलाई प्रस्तुत गरेका छन् । ''उसका दुवै आँखामा आँसु छचल्किरहेका थिए'' (पृ., ८२) । मान्छेले आफ्ना मानसिक पीडालाई जतिसुकै दमन गरे पनि निश्चित समय आएपछि ती आँसुका रूपमा अभिव्यक्त हुन पुग्दछन् । वीरबहादुरले आफ्नो जीवनलाई जुन सौर्य र शक्ति प्रदर्शन गरी जीवन्त र गतिशील तुल्याएको थियो आफ्नो एकमात्र सन्तानको मृत्युले उसको चित्तवृत्तिलाई एकैचोटि हर्षबाट विश्मय र शोकमा पुऱ्याइदिएको छ । विशिष्ट अभिवृत्तिका रूपमा सामाजिक संरचना र जनताप्रति अनुदार शासकीय वृत्तिप्रतिको लेखकीय दृष्टिकोण, आफन्त गुमाउनु पर्दाको पीडा र आफ्नो सर्वश्व गुमाएकी नारीप्रतिको सहानुभूतिका रूपमा प्रकट भएका छन् । ''सरकार गरिब प्रजालाई सस्तो ब्याजमा ऋण दिने प्रबन्ध किन गर्दैन ?'' (पृ., ७८) । प्रस्तुत उद्धरण आर्थिक शोषणका कारण सामाजिक विभेदमा परेका विपन्न नागरिकका पक्षमा सामन्तवादी सत्ता र त्यसका पक्षधरमाथि लेखकीय आक्रोसका रूपमा प्रस्तुत भएको छ । समाजमा रहेको असमानताका कारण धनी धनाढ्य हुँदै जाने तथा गरिब भुमिहीन भएर आफ्नो थातबासबाटै विमुख हुनुपर्दा सृजना हुने असामान्य वातावरण निर्माण हुने अवस्था र सामन्तवादी सत्ताप्रति

अविश्वासका रूपमा प्रस्तुत भएको छ । "मेरो राजालाई दैवले चुँडेर लग्यो ! वीरबहादुर झन् घोप्टो परेर डाँको छोडेर रुन लाग्यो । मैले पनि मन थाम्न सकिन, गहभरि आँसु भो" (पृ., ८२) । आफन्त गुमाउनु पर्दा मानव मानसिकतामा सृजना हुने पीडा तथा त्यसको सञ्चरणले संवेदनापूर्ण तुल्याउने चित्तवृत्तिलाई प्रस्तुत उद्धरणका माध्यमबाट प्रस्तुत गरेका छन् जसले मृत्युका कारणले मानव मानसिकतामा सृजना हुने पीडाका अन्तर्साक्ष्यमा दुःखद् वातावरण सृजना गरेको छ । "छोरो मरेको वर्ष दिन भएको छैन, लोग्ने परदेशमा यसरी मर्न लागिरहेको छ । जग्गाजमिन साहूले अँठ्याइरहेको छ, चिठी पाउँदा ती दीनहीन विधवाको हृदय कस्तो होला !" (पृ. ८६) । सामन्तवादी पितृसत्तात्मक समाजमा एकल नारीको दीनहीनता र भावी जीवनको कष्टकरस्थितिलाई आकलन गरी लेखकीय दृष्टिकोणका रूपमा आएको प्रस्तुत उद्धरणले नेपाली समाजमा रहेको विभेद र असमानताले सृजना गरेको कारुणिक वातावरणलाई पुष्टि गरेको छ ।

## निष्कर्ष

कथाकार मैनाली सामाजिक यर्थावादी कथाकारका रूपमा नेपाली साहित्यमा स्थापित रहेका छन् । मैनालीले आफ्ना कथामा २००७ सालपूर्व र पछिका सङ्क्रमणकालीन समयसम्बद्ध परिवेशलाई आफ्ना कथाका माध्यमबाट प्रस्तुत गरेका छन् । राणाशासनको ऐतिहासिक पृष्ठभूमिमा लेखिएको यस कथामा मूलतः साढे चार महिनामा घटेका घटना तथा पात्रका कार्यव्यापारका स्थान, समय र वातावरणलाई परिवेशले ग्रहण गरेको छ । प्रस्तुत कथामा मुख्य रूपमा आर्थिक समस्याका कारण शोषण र विभेदमा परेको ग्रामीण समाजका नागरिकको प्रतिनिधि तथा नेपाली काङ्ग्रेसले राणाशासन विरुद्ध सञ्चालित सशस्त्र जनआन्दोलनमा प्रवासिएका नेपालीहरूले कसरी उत्साहपूर्वक सहभागिता जनाई जहानियाँ सरकार विरुद्ध बहादुरीपूर्वक लडेका थिए भन्ने मूल विषयको उठान गरी लेखिएको कथा हो । असमान आर्थिक संरचना रहेको नेपाली समाजको नेतृत्व लिने सीमित सामन्तको आर्थिक सत्ताका सामु आर्थिक अधिनस्थताको बोझ र शोषण खेपेर बस्नुपर्ने सामाजिक संरचनाभित्र सामन्तका हातमा रहेको आर्थिक शासनका कारण आर्थिक विभेदको सिकार भएका नेपालीहरू आर्थिक उपार्जनका लागि भारतका विभिन्न सहरमा गई कुल्ली दरबान, घरेलु कामदार र मजदुरका रूपमा कार्य गर्न विवश रहेका छन् । तिनै प्रवासिएका नेपालीहरूको सहभागीगत कार्यव्यापारसम्बद्ध भारतको बनारस सहरलाई केन्द्रीय परिवेश, सरकारी सेना मुक्तिसेनाबिच भीडन्त भएको तराई क्षेत्रको अर्द्धसहरी परिवेश सहायक र पहाडी क्षेत्रमा अवस्थित नेपाली ग्रामीण परिवेशलाई सूच्य परिवेशका रूपमा चित्रण गरिएको छ । भारतीय सहरमा मजदूरी गरी पारिवारिक समृद्धिको सपना देख्ने तथा आफ्नो श्रम व्यय गरेर जीवन निर्वाह गर्ने असङ्ख्य नेपालीको प्रवासमा व्यतित हुने जीवनपद्धतिलाई कथाले सटिक र सारपूर्ण रूपमा प्रस्तुत गरेको छ । राणाकालीन समयमा शिक्षालयको व्यवस्था नहुँदा अध्ययन गर्न प्रवासिनु पर्ने मध्यमवर्गीय समुदायको बाध्यता र तिनकै सहयोगबाट आफ्ना कुरा परिवारसम्म पुऱ्याउनु पर्ने तत्कालीन अशिक्षित समुदायको यथार्थलाई कथाले प्रस्तुत गरेको छ । कथाले स्थानिक परिवेशका रूपमा सर्वदेशीय परिवेशलाई अङ्गीकार गरेको छ । यस परिवेशअन्तर्गत भारतको शिक्षा, स्वास्थ र यातायातको सुविधा भएको सहर र त्यहाँ भएका सहभागीका गतिविधिलाई प्रस्तुत गरिएको छ भने गौण र सूच्य परिवेशका रूपमा राणा

शासक पक्षधर सेना र मुक्ति सेनाका बिच युद्ध भएका स्थान तथा नेपाली ग्रामीण क्षेत्रलाई चित्रण गरेको छ। ऐतिहासिक समयसम्बद्ध घटनालाई कथामा प्रस्तुत गरेका कथाकारले वर्ष, ऋतु, महिनाका अतिरिक्त सर्वकालिक समयका रूपमा दैनिक समयवृत्तका आधारमा कथागत अभिवृत्तिलाई आरम्भदेखि अन्त्यसम्म निरन्तरता दिएका छन्। बाह्य वातावरणका रूपमा राणकालीन सत्ता र सत्ताको आडमा विस्तार भएको आर्थिक शोषण र विभेद, अशिक्षा, राजनीतिक अधिकारमाथिको नियन्त्रण तथा चित्तवृत्तिपरक वातावरणका रूपमा सामान्य वैयक्तिक तथा विशिष्ट चित्तवृत्तिपरक वातावरणका माध्यमबाट कथाको संरचनालाई पूर्णता प्रदान गरेका छन्। समग्रमा कथाकारले २००७ सालपूर्वको नेपाली समाजमा अवस्थित सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक अवस्थाप्रतिको निरङ्कुशता नै राणाशासन विरुद्धको विद्रोहको कारक रहेको छ।

## सन्दर्भसामग्री सूची

थापा, मोहनहिमांशु (२०६६), *साहित्य परिचय,* पाँ. संस्क., साझा प्रकाशन।

नेपाल, घनश्याम (२००५), *आख्यानका कुरा,* एकता बुक हाउस प्रा.लि.।

बराल, कृष्णहरि (२०६९), *कथा सिद्धान्त,* काठमाडौं : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि.।

मैनाली, गुरुप्रसाद (२०७०), *नासो,* बिसौं संस्क, साझा प्रकाशन।

लुइटेल, खगेन्द्रप्रसाद (२०६३), *कविताको संरचनात्मक विश्लेषण,* विद्यार्थी पुस्तक भण्डार।

शर्मा, मोहनराज (२०६३), *समकालीन समालोचनाः सिद्धान्त र प्रयोग,* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान २०६३।

शर्मा, हरिप्रसाद (२०६७), *कथाको सिद्धान्त र विवेचना,* साझा प्रकाशन।